वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : १३ | मिति : २०७५/०६/२६

## भाग : २

## वीरेन्द्रनगर नगरपालिका

# नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५

नेपालको संविधान (२०७२) को अनुसूची-८ मा वर्गीकरण गरिएको क्र.सं. १ देखि २२ सम्मको क्षेत्राधिकारहरुबाट प्राकृतिक स्रोत माथिको अधिकार स्थानीय तहलाई प्राप्त भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को स्थानीय कर, सेवा शुल्क तथा दस्तुर शीर्षकको शीर्षक नं. ६ मा (ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि) प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन, उपदफा (२) (छ) को स्थानीय तथ्याङ्क र अभिलेख सकंलन शीर्षकको शीर्षक नं. (४) मा सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन, उपदफा (२) (प) को जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण शीर्षकको शीर्षक नं. (७) मा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनमा दिएको अधिकारलाई कार्यान्वयन गर्ने र कर्णाली प्रदेशको आर्थिक ऐन २०७५ को दफा ८ बमोजिम नगरपालिकाले संकलन गर्ने दहत्तर बहत्तर शुल्क व्यवस्थापन गर्न यो कार्यविधि जारी गरिएको छ ।

१. **दर्ता, नवीकरण, नाम सारी, उत्खनन् तथा निकासीसम्बन्धी व्यवस्था :**

नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका क्रसर उद्योग तथा बालुवा प्रसोधनसँग सम्बन्धित उद्योगहरु नवीकरण गर्न सकिनेछ । साविकमा सम्बन्धित

निकायबाट अद्यावधिक भई सञ्चालनमा रहेका उद्योगहरुको हकमा सोको अभिलेख एवं अद्यावधिक गर्ने कार्य नपा कार्यालयबाट गरिनेछ । उद्योगहरुको दर्ता, नवीकरण, अनुमति तथा नामसारी शुल्क अनुसूची-१ मा उल्लेख भए अनुसार हुनेछ । दर्ता, नवीकरण, अनुमति तथा नामसारी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस पेस गर्नुपर्नेछ । दर्ता, नवीकरण, नामसारी, उत्खनन् तथा निकासी सम्बन्धमा निम्नानुसार गर्नुपर्नेछ :

**(क)** नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, बिक्रीका लागि वीरेन्द्रनगर नगरपालिकाबाट अनुमति प्राप्त गर्नुपर्नेछ ।

**(ख)** जिल्ला समन्वय समितिबाट प्राप्त पत्र र स्वीकृत IEE र EIA गरिएका क्षेत्रभित्र मात्र सीमित रही उत्खनन्, सङ्कलन, निकासी तथा बिक्री गर्नुपर्नेछ । यस कार्यालयले ती क्षेत्रमा IEE र EIA सम्पन्न गराएको अवस्थामा सो समेतलाई नगर कार्यपालिकाको निर्णय र आदेशानुसार कार्यान्वयन गर्नु पर्नेछ । IEE वा EIA गरेको क्षेत्र बाहेक अन्य स्थानमा उत्खनन् गर्न पाइने छैन । तर नगरपालिकाको विपद् व्यवस्थापन समितिको निर्णय र आदेश बमोजिम जोखिमयुक्त स्थानको व्यवस्थापन गर्न सो कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**(ग)** नगरको प्राविधिक समितिले नदीजन्य पदार्थको प्रकृति, किसिम, परिमाण, स्थान र निश्चित चौहद्धि एकिन गरी सिफारिस गरे बमोजिम सो परिमाण बिक्री शुल्क (राजस्व) आम्दानी गर्न वीरेन्द्रनगर नगरपालिकाले सार्वजनिक खरिद ऐन बमोजिम प्रतिस्पर्धा गराई सबैभन्दा बढी कवोल गर्ने व्यक्ति, फर्म वा कम्पनीसँग सम्झौता गर्नेछ । सम्झौता गर्ने पक्षले सम्झौता नगरी शुल्क वा राजस्व हानी नोक्सानी हुने अवस्था आएमा सार्वजनिक खरिद ऐनबमोजिम कारवाही गरिनेछ ।

**वीरेन्द्रनगर नगरपालिकाको प्राविधिक समिति देहाय बमोजिम हुनेछ :**

(१) पूर्वाधार विकास शाखा प्रमुख - संयोजक
(२) वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख - सदस्य
(३) सम्बन्धित वडाको प्राविधिक कर्मचारी - सदस्य
(४) सम्बन्धित वडाको अध्यक्षले तोकेको प्रतिनिधि/कर्मचारी - सदस्य
(५) राजस्व उपशाखा प्रमुख - सदस्य-सचिव

उपरोक्त समितिले तोकेको परिमाण कवोल गर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनीले बिक्री वितरण गर्न सक्नेछ । सो अनुसार भएको





खरिद, बिक्री वा निकासी खाता राखी अभिलेख जनाउनु पर्नेछ । अनुगमन समितिले अनुगमनको क्रममा माग भए उक्त खातापाताहरु सम्झौता गर्ने फर्म वा संस्था वा कम्पनीले अनुगमनकर्ताहरुलाई देखाउनु पर्नेछ । नदीजन्य पदार्थहरुको ठेक्कापट्टासम्बन्धी विशेष परिस्थिति भई व्यवस्थापन हुन नसकेमा बढीमा ३ महिनाका लागि सङ्क्रमणकालीन व्यवस्थापन गर्न नगरपालिकाको कर्मचारीबाट खटनपटन गरी बिक्री वितरण गरी राजस्व सङ्कलन गर्नेछ । स्थानीय सरोकारवालार सम्बन्धित समितिका सदस्यहरु एवं वडाका जनप्रतिनिधिहरुको आवश्यक सहयोगबाट निर्णय कार्यान्वयनमा अवरोध हुने अवस्था भएमा नगरले एक पटक वडाका प्रतिनिधि बोलाई छलफल गरी अनुगमन समितिले अन्तिम निर्णय दिए बमोजिम व्यवस्थापन हुनेछ । ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थका लागि कानुनबमोजिम सम्झौता गर्ने फर्म वा कम्पनीको शर्तहरु अनुगमन समितिबाट स्वीकृत सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

**(घ)** वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रभन्दा बाहिर निकासी गर्नका लागि नगरपालिकासँग पूर्वअनुमति लिनु पर्नेछ । अनुमतिविना गरिएको उत्खनन्, सङ्कलन र निकासी समेतलाई अवैध मानिनेछ । सोकार्यलाई प्रहरी/प्रशासनसमेतको सहयोग र समन्वयमा नियमनगरी नियन्त्रण गरिनेछ । सम्झौता गरेको व्यक्ति, फर्म वा कम्पनीले तोकिएको समयावधिभित्र तोकिएको परिमाणको नदीजन्य पदार्थको विक्री वितरण नभएको खण्डमा नगरपालिकाको स्वीकृति लिई अनुगमन समितिले तोकेको स्थानमा मात्र बाँकी रहेको परिमाण बराबर घाटगद्दी गरी विक्री वितरण गर्न सक्नेछ ।

**(ङ)** यस कार्यविधि बमोजिम त्यस्ता नदीजन्य पदार्थ सम्बन्धी व्यावसायिक उद्योगहरुको दर्ता, नवीकरण, नामसारी लगायत उत्खनन् एवं निकासी कामका लागि अनुमति प्रदान गर्न र नदीजन्य पदार्थको संकलन, प्रशोधन तथा बिक्री वितरण व्यवस्थापनको नियमनका लागि देहाय बमोजिम एकाइ गठन गरिनेछ :

(१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(२) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य
(३) राजस्व उपशाखा प्रमुख - सदस्य-सचिव

**(च) निजी जग्गाधनीको जग्गाभित्रको ढुङ्गा, माटो, बालुवा वा यस्तै प्रकारको कंक्रिट बिक्री गर्दा अपनाउनु पर्ने प्रक्रिया :**

निजी जग्गामा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गरी बिक्री गर्न चाहने जग्गाधनीले नापनक्सा, जग्गाधनी कागजात, सँधियार जग्गाधनीको सहमति तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ । उक्त जग्गाको प्राविधिक, वातावरणीय/वित्तीय सम्भाव्यता र जोखिम विश्लेषण गरी लम्बाई, चौडाई र गहिराई खोली उपलब्ध हुन सक्ने परिमाण समेत उल्लेख गरी यस कार्यविधिको दफा २ (ग) बमोजिमको समितिले नगरपालिकामा सिफारिस पेस गर्नेछ। निकाल्ने सम्भावना रहेको परिमाणको उत्खनन् निकासी तथा बिक्री कर अनुसूची-१ बमोजिम नगरपालिकामा अग्रीम शुल्क बुझाएमा जग्गाधनीलाई निकासी अनुमति दिन सक्नेछ ।

**(छ) अनुगमन :**

नदीजन्य पदार्थसम्बन्धी उद्योगहरुको दर्ता, नवीकरण, नामसारी लगायत उत्खनन्, सङ्कलन एवं निकासी कार्यको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन समिति गठन गरिनेछ :

| | |
|---|---|
| नगर कार्यपालिका उपप्रमुख | - संयोजक |
| विपद् व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| सम्बन्धित वडा अध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| राजश्व उपशाखा प्रमुख | - सदस्य-सचिव |

**(ज) क्रसर उद्योग व्यवसायको दर्ता, नवीकरण, नियमन तथा नियन्त्रण सम्बन्धी अन्तरिम व्यवस्था :**

(१) पहिले सञ्चालनमा रहेका क्रसर व्यवसाय दर्ताका लागि नगरपालिकाले १५ दिने सूचना जारी गर्नेछ ।

(२) वीरेन्द्रनगर नगरपालिका क्षेत्र लगायत जिल्लाभित्र वा बाह्य जिल्लाका स्थानीय सरकारको क्षेत्रमा प्रशोधनपछि निकासी बिक्री गर्दा नगरको आर्थिक ऐन बमोजिम निकासी कर अग्रीम बुझाउनु पर्नेछ ।





(३) नगरपालिकाको अनुगमन समिति र नदीजन्य पदार्थको संकलन, प्रशोधन तथा बिक्री वितरण व्यवस्थापनको नियमन इकाइले जुनसुकै समयमा क्रसर उद्योगको अनुगमन गर्न सक्नेछ। प्रत्येक महिनाको ७ गते भित्र नगरपालिकाबाट खटिएको कर्मचारी वा प्राविधिक समितिले क्रसरभित्रको प्रशोधित नदीजन्य पदार्थ र कच्चा पदार्थ समेत मौज्दात नाप गरी प्रमाणित गर्नेछ । सो प्रमाणित गराउनु सम्बन्धित क्रसर उद्योगको कर्तव्य हुनेछ । क्रसर उद्योगमा खरिद बिक्री खाताको अभिलेख राखिएको हुनुपर्नेछ। निकासी बिक्री कर सङ्कलन हिसाब दुरुस्त भए नभएको सम्बन्धमा नगरपालिकाको राजस्व शाखाबाट प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी खटाउन सक्नेछ । त्यसरी खटाइएको कर्मचारीलाई सहयोग गर्नु क्रसर उद्योगको कर्तव्य हुनेछ। यस्ता सर्त पालना नगर्ने क्रसर उद्योगहरुलाई ७ दिनभित्र स्पष्टीकरण पेस गर्न लगाइनेछ। राजस्व अपचलन गर्ने, क्रसर स्थापना गर्दाका बखतमा स्थानीयवासीसँग गरेको प्रतिबद्धता पूरा नगर्ने, स्वीकृत IEE/EIA अनुसार वातावरणको संरक्षणमा ध्यान नदिने लगायत तोकिएको शर्त पालना नगरेको पाइएमा त्यस्ता क्रसर उद्योगलाई अनुगमन समितिले निलम्बन गरी बन्द गर्न नगर कार्यपालिकासमक्ष सिफारिस गर्नेछ। सो सम्बन्धमा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(४) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र प्रशोधन गर्ने व्यक्ति वा निकाय वा फर्म वा त्यस्ता उद्योगहरुले खोलाहरुमा नदीको वहाव परिवर्तन गर्ने, पानी धमिल्याउने, जलभित्र रहने जीवहरुको वासस्थान खलवल्याउने र पानीभित्र गएर कुनै पनि सामग्रीहरु उत्खनन्, सङ्कलन गर्न पाइने छैन। त्यस्ता उद्योगहरुले वर्षायामभित्र संघीय र प्रदेश सरकारले तोकेका महिनाहरु वा प्रारम्भिक वातावरणीय प्रतिवेदनबाट निषेध गरिएका महिनाहरुमा खोलाहरुमा प्रवेश उत्खनन् गरी सङ्कल नगर्न पाइने छैन । अनुमति वेगर नतोकिएको क्षेत्र वा निषेधित समयमा खोलामा प्रवेश गरेमा, ओसार प्रसार गरेमा प्रति पटक ट्रयाक्टरलाई रु. ५,०००।- र प्रति जे.सि.वि./एक्साभेटर प्रति पटक क्रमशः रु. १५,०००।- र रु. ३५,०००।- जरिवाना लिई संकलित पदार्थ जफत गरिनेछ र मानिसले उत्खनन् तथा संकलन गरेमा संकलनमा प्रयोग भएका

सामग्री र संकलित पदार्थ जफत गरिनेछ । अनुमति वेगरका कार्य गर्नेबाट असुल गरिने जरिमानाको २५ प्रतिशत रकम सो सम्बन्धी सूचना दिई नियमन गर्न सहयोग गर्ने अन्य व्यक्ति/संस्थालाई प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

(५) यस आ.व. ०७४/०७५ को आषाढ मसान्तससम्मका लागि साना वा ठूला क्रसर वा बालुवा उद्योगहरुले नगरपालिकामा दर्ता भएको मितिसम्म उद्योगभित्र रहेको कच्चा पदार्थ वा प्रशोधित पदार्थ प्राविधिक समितिले मौज्दात मापन गर्नेछ । जिल्ला समन्वय समिति, सुर्खेतबाट सो मौज्दात पूर्ववत्रुपमा मौज्दात जाँच भई निकासी (बिक्री कर) चुक्ता भइसकेको सम्बन्धमा आवश्यक सिफारिस भएमा सो मौज्दात उपर यस नगरपालिकाबाट निकासी कर असुल गरिने छैन । तर मौज्दात परीक्षण र जाँच भई प्रमाणित भएको कागजात समन्वय समितिबाट पेस हुन नसकेमा निकासी कर तिरेको बुझाएको मानिने छैन, उक्त बाँकी मौज्दात यस कार्यविधिबमोजिम मौज्दात प्रमाणित गरी बिक्री कर असुल गरिनेछ । बाँकी मौज्दात बिक्री गर्दा खरिद बिक्री खाता र राजस्व सम्बन्धी अभिलेख दुरुस्त राख्नु पर्नेछ । एक स्थानीय तहमा कर, दस्तुर, शुल्क भुक्तानी गरेको प्रमाण पेस भएको अवस्थामा दोहोरो शुल्क असुल गरिने छैन ।

(६) २०७५ आश्विन १५ गतेसम्म नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरण गरिने खोलाको आसपासमा मानिसद्वारा उत्खनन् गरी संकलन एवं घाटगद्दी गरिएका नदीजन्य पदार्थलाई अनुसूची-१ मा तोकिएको राजश्व लिई चालु आ.व. को लागि IEE प्रतिवेदनले तोकेको परिमाणमा नघट्ने गरी अनुगमन समितिले स्थलगत अध्ययन गरी परिमाण एकिन गरी समयावधि तोकि निकासी अनुमति दिन सकिनेछ । तोकिएको अवधि पश्चात उक्त स्थानमा उत्खनन्, संकलन तथा बिक्री वितरण निषेध गरिनेछ ।

(७) यस सम्बन्धमा यस नगरपालिकाबाट कानुन निर्माण भएपछि यो अन्तरिम व्यवस्था खारेज भएको मानिनेछ ।

**(झ) जोखिम क्षेत्र निर्धारण** :

प्रारम्भीक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार नदीजन्य पदार्थको मात्र उत्खनन् गर्नुपर्नेछ । नदीजन्य पदार्थको उत्खनन् जोखिमयुक्त क्षेत्रमा गरिने छैन र उत्खनन् पछि जमिनलाई यथास्थितिमा राख्ने प्रबन्ध स्वयं उत्खननकर्ताले मिलाउनु पर्नेछ । जोखिम न्यूनीकरण गर्न तत्काल नदीजन्य पदार्थ हटाउनु पर्ने प्राविधिक प्रतिवेदन प्राप्त भए नगर कार्यपालिकाको निर्णयले उत्खनन् गर्न सकिनेछ ।





**(ञ) भारवहन क्षमता नियन्त्रण** :

प्रचलित कानुनले तोकेको सडकको भारवहन क्षमताअनुसार सवारी साधनको भार नियमित गर्न वीरेन्द्रनगर नगरपालिकाले आवश्यक विधि अपनाउन सक्नेछ ।

**(ट) नियमनकारी निकायका बीचको आवश्यक समन्वय वीरेन्द्रनगर नगरपालिकाले गर्नेछ ।**

## २. परिमाण तोक्न सक्ने :

नगर क्षेत्रभित्रका बाढीपीडित, भूकम्पपीडित व्यक्तिहरुको निर्माण हुने संरचना, नगर क्षेत्रभित्र सञ्चालित आयोजनाहरु एवं आम नगरवासीको निर्माणाधीन स्वीकृत संरचनाको लगत तयार गरी वार्षिक आवश्यकताको अनुमानित परिमाण आङ्कलन गरी पूर्व वर्षहरुमा सञ्चालित ठूला गौरवका आयोजना (Mega Projects) समेतको आधारमा वार्षिक उत्खनन् गर्नुपर्ने परिमाण निर्धारण गरी सोही आधारमा वार्षिक उत्खनन् परिमाण र क्षेत्र नगरपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको परिमाण थप गर्नु परेमा सोको उचित कारण र आधारहरुसहित आवेदन गर्नुपर्नेछ ।

## ३. व्याख्या गर्ने अधिकार :

यस कार्यविधिको व्याख्या गर्ने र त्यसको औचित्य अनुसार नगरपालिकाको सार्वजनिक हितमा लागू गर्ने अन्तिम अधिकार वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकामा निहीत रहनेछ ।

## ४. मान्य अवधि :

यो कार्यविधि वीरेन्द्रनगर नगपालिका क्षेत्रभित्र वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाले निर्णय गरेको मितिदेखि लागू हुनेछ । यो अन्तरिम कार्यविधि वीरेन्द्रनगर नगरपालिकाले अन्य कानुनबनाई लागू नगरेसम्मका लागि मान्य हुनेछ । यो कार्यविधी लागु हुनुपूर्व वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालयबाट भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

## अनुसूची–१

**(कार्यविधिको दफा १ को उपदफा (च) सँग सम्बन्धित)**

यस नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका वा सञ्चालन हुने नदीजन्य पदार्थसँग सम्बन्धित उद्योगहरुको दर्ता, नवीकरण, नामसारी, उत्खनन् एवं निकासी सम्बन्धी शुल्कको दर देहाय बमोजिम हुनेछ :

| सि.नं. | विवरण | शुल्कको दर रू. |
|---|---|---|
| १. | ठुला क्रसर उद्योग दर्ता | १,००,०००।०० |
| २. | ठुला क्रसर उद्योग नवीकरण | २५,०००।०० |
| ३. | बालुवा धुने उद्योग, प्रशोधन (साना केन्द्र क्रसर उद्योग) दर्ता | १५,०००।०० |
| ४. | बालुवा धुने उद्योग, प्रशोधन (साना केन्द्र क्रसर उद्योग) नवीकरण | ५,०००।०० |
| ५. | नामसारी | १०,०००।०० |
| ६. | ठाउँसारी | ५,०००।०० |

७. आन्तरिक तथा बाह्य ढुवानी शुल्क (दहत्तर बहत्तर शुल्क)

१. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा वीरेन्द्रनगर र लेकवेशी नगरपालिका तथा बराहताल गाउँपालिका क्षेत्रभित्र प्रयोग गर्न- प्रति घनफिट रु. ३।-

२. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा जिल्ला बाहिर प्रयोग गर्न- प्रति घनफिट रु. ४।-

३. माटो आन्तरिक- प्रति घनफिट रु. १।-

४. माटो जिल्ला बाहिर- प्रति घनफिट रु. २।-

५. क्रसर उद्योगबाट उत्पादित पदार्थमा निकासी शुल्क (ढुवानी शुल्क नबुझाएकाको हकमा)- प्रति घनफिट रु. ५।-

८. निजी जग्गा भित्रको ढुङ्गा, माटो तथा नदीजन्य पदार्थको निकासी

(क) नीजि प्रयोजन- प्रति घनमिटर रु. २५।-

(ख) व्यावसायिक प्रयोजन- प्रति घनमिटर रु. ७५।-

आज्ञाले,

**कृष्ण बहादुर खड्का**

प्रमुख प्रशासकीय अधिकृत

**अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७५, मूल्य रू. ५।-**